# लिखुपिके राजपत्र

लिखुपिके गाउँपालिकाद्वारा प्रकाशित

**भाग -१**

**सूचना**


## लिखुपिके गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी ऐन, २०७७

प्रमाणिकरण मितिः२०७७/१२/११

**प्रस्तावनाः** यस लिखुपिके गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले वसोवास गर्ने आर्थिक रुपले विपन्न, असहाय, अपाङ्गता, दिर्घरोगी, दुर्घटनामा परि गम्भिर घाइते भएका, अङ्गभङ्ग भएका व्यक्तिहरुको राहत उपचार खर्च तथा आर्थिक रुपले विपन्न, असहाय, अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक बिकासको लागि सामाजिक उत्तरदायित्व बहन गर्दै आर्थिक राहत सहायता प्रदान गर्ने सम्बन्धमा आवश्यक कानुन बनाई कार्यान्वयन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम लिखुपिके गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लिखुपिके गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन लिखुपिके गाउँपालिकाको स्थानीय राजपत्रमा पकाशित भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः** विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,-

(क) "गाउँपालिका" भन्नाले लिखुपिके गाउँपालिकालाई सम्झनुपदर्छ ।

(ख) "कार्यपालिका" भन्नाले लिखुपिके गाउँकार्यपालिकालाई सम्झनुपदर्छ ।

(ग) "अध्यक्ष" भन्नाले लिखुपिके गाउँपालिकाको अध्यक्षलाई सम्झनुपदर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखुपिके गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) “कडारोग” भन्नाले मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जायर्मर्स, हेड इन्जुरी, स्पाइनलइन्जुरी, सिकल सेल एनिमिया रोगहरु सम्झनुपर्दछ ।

(च) “स्वास्थ्य संयोजक” भन्नाले लिखुपिके गाउँपालिकाको स्वास्थ्य संयोजकलाई सम्झनुपर्दछ ।

(छ) “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले लिखुपिके गाउँपालिकाको आर्थिक प्रशासन शाखाको शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## उपचार राहत सहयोग

**३.वजेट विनियोजन गर्नुपर्नेः** (१) गाउँसभाले प्रत्येक आर्थिक वर्षमा विपन्न नागरिक औषधोपचार आर्थिक राहत सहायता शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गर्नुपर्नेछ ।

तर वडा समितिले विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा वजेट विनियोजन गरी आर्थिक सहयोग गर्न पाउने छैन ।

(२) विनियोजित वजेटबाट विपन्न नागरिकहरुलाई औषधोपचारका लागि दफा ४ बमोजिम सिफारिस समितिले सिफारिस गरी नियमानुसार गाँउकार्यपालिका बैठकबाट तोकिएको आर्थिक सहायता उपलब्ध गराइनेछ ।

**४.आर्थिक सहायता पाउने विरामिको प्रकारः** (१) नेपाल सरकारले कडारोग भनी तोकिएका मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जाईमर्स, हेड इन्जुरी, स्पाइनलइन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मृगौला रोगको एक्युट रेनल फेलियर (Acute Renal Failure) भएका विरामीलाई गाउँपालिकाले तोकिएको आर्थिक राहत सुविधा उपलब्ध गराउने छ ।

(२) कुनै दुर्घटनामा परि गम्भिर चोटपटक लागेका तथा अंगभगं भएका बिरामीहरुलाई पनि गाँउपालिकाले तोकिए बमोजिमको अर्थिक सहायता उपलब्ध गराउन सक्नेछ ।

**५.**आर्थिक रुपमा विपन्न असाय अपाङ्गता भएका संरक्षक विहिन, अभिभावक विहिन बालवालिका, बृद्बृद्दाहरुलाई उपदफा (१) मा उल्लेखित रोग लागेमा राहत उपचार खर्च प्रदान गरिनेछ ।

**६.** राहत उपचार खर्च बढिमा रु. ५००००(रु.पचास हजार) सम्म गाँउपालिकाको अध्यक्षको सिफरिसमा र सो भन्दा बढिको हकमा गाँउकार्यपालिकाले निर्णय गरि उपलव्ध गराउन सक्नेछ ।

**७.**राहत उपचार खर्च प्राप्त गर्न बिरामी आफैले वा बिरामीको रेखदेख गर्ने नजिकको नातेदारले गाँउपालिका समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

**८.**ठुलो दुर्घटना वा आपतकालिन अवस्था परि तत्काल उपचार गर्नु पर्ने वा उपचारका लागि लैजानुपर्ने भएमा र अर्थिक व्यवस्थापन गर्न आर्थिक रुपले असमर्थ र विपन्न भएका विरामी व्यक्तिको हकमा अध्यक्षको सिफारिसमा रु. ५०,००० (पचास हजार रुपैया ) सम्म गाँउपालिकाले तत्काल उपलब्ध गराउन सक्नेछ । तर त्यस्ता विरामीव्यक्ति स्वयं वा नीजको सबैभन्दा नजिकको नातेदारले निवेदन सहितका आवश्यक कागजातहरु आर्थिक सहायता प्राप्त गरेको मितिले बढिमा ६० दिनभित्र गाँउपालिका कार्यालयमा पेश गनुपर्नेछ ।

**९.** आर्थिक रुपले विपन्न,बृद्बृद्दा, एकल महिला, अनाथ बालवालिकालाई कुनैपनि रोग लागि उपचार गराउनु पर्ने भएमा अस्पतालको चेक जाँचका कागजातहरु र उपचार गर्दा लागेको खर्चको बिल समेतलाई विचार गरी रु. ५००० देखि ५०००० (पाँच हजार देखि पचास हजार) सम्म उपचार खर्च प्रदान गरीनेछ ।

**१०.निवेदन दिनुपर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ मा उल्लेखित कडारोगबाट विरामीभई उपचार गराउनु पर्ने विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुले आर्थिक सहायता रकम प्राप्त गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालय समक्षनिवेदन पेश गर्नु पर्नेछ ।

(२) निवेदनका साथ विरामीले रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन, सम्बन्धित वडाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपी, २ प्रतिफोटो (बालकको हकमा जन्मदर्ताको प्रतिलिपी) पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

## शैक्षिक आर्थिक राहत सहयोग

**११.(१)** आर्थिक रुपमा विपन्न असहाय,अपाङ्गता भएका, संरक्षक विहिन, अभिभावक विहिन बालवालिकाहरुलाई विद्यालयीय शिक्षा हासिल गर्न सहयोग गर्ने उदेश्यले आर्थिक राहत सहयोग प्रदान गरिनेछ । त्यस्ता बालवालिका स्वयं वा नीजको संरक्षकले गाँउपालिका शिक्षा समितिमा दिवेदन दिनुपर्नेछ । शिक्षा समितिको सिफारिसमा गाँउकार्यपालिकाले निर्णय गरी सहयोग प्रदान गर्न सक्नेछ ।

(२) यस्तो आर्थिक राहत सहयोग एक शैक्षिक शत्रमा एक पटकमात्र प्रदान गरिनेछ ।

(३) एक जना बालवालिकालाई एक शैक्षिकशत्रमा बढिमा २० हजार सम्म प्रदान गर्न सकिनेछ ।

(४) शैक्षिक आर्थिक राहत सहयोग सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई मात्र प्रदान गरीनेछ ।

(५) यस सम्बन्धमा अन्य कुराको अन्तिम निर्णय गर्ने अधिकार गाँउकार्यपालिकालाई हुनेछ ।

## परिच्छेद४
## बिबिध

**१२**.यस ऐन अनुसार भएको खर्चको विवरण गाँउसभाबाट अनुमोदन गराउनु पर्नेछ ।
**१३**.यस गाँउपालिकाको क्षेत्रभित्र स्थाई बसोबास भएका गर्भवती महिलाले अस्पताल वा स्वास्थ्य संस्थामा गई प्रसुती गराएमा त्यस्ता महिलाहरुलाई रु ५००० -पाँचहजार रुपैया) रकम प्रोत्साहन स्वरुप गाँउपालिकाबाट प्रदान गरिनेछ । सो रकम प्राप्त गर्न अस्पताल वा स्वास्थ्य संस्थामा प्रसुती गराएको प्रमाण निवेदन साथ पेश गर्नु पर्नेछ ।

**१४. अभिलेख राख्नु पर्नेः** गाउँपालिकाले उपलब्ध गराएको औषधोपचार वापतको आर्थिक सहायता प्राप्त गर्ने विरामीको अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

**१५. वाधा अडकाउ फुकाउने अधिकार** : (क) यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै वाधाअडकाउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस ऐनको मूलभूत कुरालाई असर गर्ने गरीबाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**२६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई लिखुपिके गाँउपालिकाले नियम, बिनियम, कार्यबीधि बनाउन सक्नेछ ।

**१६.यसै बमोजिम भए गरेको मानिने** : यो ऐन स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै ऐन अनुरुप भए गरेको मानिनेछ ।

**अनुसूची- १**

**(ऐनको दफा ३ (१) सँग सम्बन्धित)**

**निवेदनको ढाँचा**

श्रीमान अध्यक्ष ज्यू मिति..................

लिखुपिके गाउँकार्यपालिकाको कार्यालय

**विषयःऔषधीउपचार आर्थिक सहायताउपलब्ध गराइदिने बारे ।**

**महोदय,**

सोलुखुम्बु जिल्ला, लिखुपिके गाउँपालिका, वडा नं .........................स्थायी निवासी म श्री ...................................कडारोग/दुर्घटना ...................लागि विरामी भई उपचार गराइरहेकोले / उपचार गराउनु पर्ने भएकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइदिनु हुन देहायका कागजात संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्नकागजातः**

१. नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी)

२. सम्बन्धित वडाको सिफारिस

३. रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन

निवेदकको
दस्तखतः
नाम, थरः
ठेगानाः
सम्पर्क नं.

आज्ञाले,
कृष्ण पौडेल
प्रमुख प्रशासकिय अधिकृत